नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# प्रथम चौमासिक प्रगति प्रतिवेदन
आ.व. २०७६।७७

योजना तथा अनुगमन महाशाखा
अनुगमन तथा मूल्यांकन शाखा
सिंहदरवार, काठमाण्डौं
२०७६ मंसिर

# प्राक्कथन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रालय तथा मातहतका निकायहरूबाट आ.व.२०७५/०७६ मा सम्पादन गरेका कार्यहरू समेटेर विगत वर्षहरू झैं यस बर्ष पनि यो वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छ ।यस प्रतिवेदनमा आ.व.२०७५/०७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम तथा वजेट वक्तव्यका यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना निर्माण गरी कार्यक्रमहरू कार्यान्वयन गरिएकोमा हासिल भएका उपलब्धि, वित्तीय तथा भौतिक प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौति र समाधानका उपायहरू उल्लेख गरिएकाछन् ।साथै मातहतका निकायहरूबाट राष्ट्रिय योजना आयोगबाट निर्देशित गरिएको ढाँचामा प्राप्त भएका प्रगति प्रतिवेदन समेत यसै साथ संलग्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।आ.व.२०७५/०७६ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहमा उपलब्ध गराएको समानीकरण र सशर्त अनुदानको उपयोग गरी प्राप्त भएका प्रमुख उपलब्धी तथा भौतिक र वित्तीय प्रगतिको विवरण यसमा समावेश भएको छैन ।

आर्थिक वर्ष शुरु हुनु अगावै संघीय संसदबाट वजेट अनुमोदन गर्ने व्यवस्था, विषयगत मन्त्रालय बजेट सूचना पणालीमा समावेश भएका कार्यक्रमहरूलाई आ.व.को सुरुमा नै सोझै निकासा दिने प्रगालीको व्यवस्थाले वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएता पनि अपेक्षा अनुरुपको सुधार भने आउन सकेको छैन।शैक्षिक नीति तथा कार्यक्रहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङकनको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षा सम्बन्धी आयोजनाहरू तथा कार्यक्रमहरूको सशक्त अनुगमन तथा मूल्याङकन प्रणालीको व्यवस्थाले आवश्यक तथ्याङ्क तथा सूचना सही समयमा उपलब्ध गर्न गराउन सहयोग पुग्दछ । यस कार्यबाट राज्यले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने बाटोतर्फ हाम्रा पाइलाहरू बढेका छन्/छैनन् त्यसको यथार्थ जानकारी प्राप्त गर्न सकिने हुन्छ ।

अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको योजना तथा मूल्याङ्कन महाशाखाको मातहतमा अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तरगत रहेको शैक्षिक योजना तथा विकास महाशाखाको मातहतमा योजना तथा अनुगमन शाखा रहेको छ ।यसै गरी सबै केन्द्रीय निकायहरूमा अनुगमन तथा मुल्याङकन सम्बन्धी कार्य हेर्नका लागि शाखाहरूको व्यवस्था गरिएको छ ।

आ.व.२०७५/०७६ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तरगतका निकाय (संघीय तह) का लागि कुल ४० अर्व २७ करोड रकम विनियोजन भएकोमा चालु तर्फ ३६ अर्व १६ करोड ९४ लाख र पुँजिगत तर्फ २५ करोड रुपैया रहेकोमा चालु तर्फ ९०.६ प्रतिशत र पुँजिगत तर्फ ६८.५ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।प्राथमिकता नं १ मा परेका आयोजना तथा ब.उ.शि.नं. हरूमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका ९ वटा , ५० देखि ८० प्रतिशत सम्म प्रगति भएका १ वटा र ५० भन्दा कम प्रगति भएका १ वटा रहेका छन् । प्राथमिकता नं.२ मा परेका आयोजना तथा ब.उ.शि.नं. हरूमध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका ९ वटा , ५० देखि ८० प्रतिशत सम्म प्रगति भएका १ वटा र ५० भन्दा कम प्रगति भएका १ वटा रहेका छन् ।

यस आ.व.मा भएका मुख्यमुख्य प्रगतिहरूमा चिकित्सा शिक्षा सुधारको लागि राष्ट्रिय चिकित्सा ऐन, २०७५ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ स्वीकृत भई कार्यान्वयनमा रहेका छन् भने मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भएको तथा विदुषि योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न विधेयक तर्जुमा भई मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको छ ।त्यसै गरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश भइको छ।सोको आधारमा राष्ट्रिय शिक्षा नीति तर्जुमा गरी मन्त्रिपरिषदमा पेश भएको छ।हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ कार्यान्वयनमा ल्याइएको छ । शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ तथा मानव संसाधन प्रक्षेपण तथा मानव संशाधन विकास योजनाको प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश भएकाछन् । यसकासाथै अन्य उपलब्धिहरूको विवरण यसै साथ संलग्न राखिएको छ ।

आयोजना तथा कार्यक्रम सञ्चालनमा देखिएका प्रमुख समस्याहरूमा विद्यालय शिक्षाको कार्यक्रम कार्यान्वयन स्थानीय तहमार्फत सम्पादन गर्नुपर्ने हुँदा स्थानीय तहमा सङ्गठन संरचना, जनशक्तिको उपलव्धता लगायतका समस्याहरू,कार्य सञ्चालनमा दोहोरोपना, जिम्मेवारिको स्पष्टता हुन नसक्नु (विशेषगरी शिक्षकको व्यवस्थापन, कार्यसम्पादन मुल्याङ्कन , विद्यालयको पुर्वाधार विकास), प्राविधिक विषय पढाउने प्रशिक्षक, शिक्षकको अभाव, कर्मचारी समायोजन, व्यवस्थापनले कार्य सम्पादनमा प्रत्यक्ष प्रभाव ,खर्च प्रगती प्रतिवेदन प्राप्त गरी सो अनुसारका सोधभर्ना तथा रकम प्राप्त गर्न नसक्नु, चौमासिक प्रगतिका आधारमा मात्र फकुवाको पद्दतिले दोस्रो चौमासिक फुकुवा ढिलो प्राप्त हुनु, प्रदेश तथा स्थानीय तहबाट रिपोर्टिङ प्रणालीको व्यवस्थापन हुन नसक्नु, पदाधिकारीहरूको नियुक्तमा ढिलाई, प्राज्ञ सभाको बैठक बस्नमा ढिलाई, टेन्डर प्रक्रियामा ढिलाई, दरवन्दि अनुसार कर्मचारी पूरा नहुनु (नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ) रहेकाछन् ।

यो प्रगति प्रतिवेदनबाट यस मन्त्रालयको महत्त्वपूर्ण उपलब्धिहरू,भौतिक तथा वित्तीय अवस्था र स्रोत परिचालनको अवस्थाको बारेमा सम्बन्धित पक्षलाई यथार्थ जानकारी हुने विश्वास लिइएको छ । यसबाट यस मन्त्रालयको काम कारवाहीहरूलाई अझै पारदर्शी र उत्तरदायी र उद्देश्य केन्द्रित बनाउन सकिने विश्वास लिइएको छ ।यो विवरण तयारी गर्नमा सहयोग गर्नु हुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतका निकायहरू तथा संलग्न पदाधिकारीहरूलाई महाशाखा धन्यवाद दिन चाहन्छ ।

योजना तथा अनुगमन महाशाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालय

आर्थिक वर्ष २०७६।०७७

२०७६ कार्तिक मसान्त सम्मको कुल खर्च चालु तर्फ रकम रु हजारमा

| बजेट उपशीर्षक | | शुरु बजेट | रकमान्तर | | खुद बजेट | प्रथम चौमासिक विनियोजन | खर्च रकम | खर्च प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | | | |
| ३५०००० ११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १६,७३१,९२४.०० | - | - | १६,७३१,९२४.०० | ७,६४८,२८०.०० | ७६,८३२.०० | 1.00 |
| ३५००००११३ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाखा | ३२,६२४.०० | - | - | ३२,६२४.०० | १०,४३५.०० | ५,११४.८८ | 49.02 |
| ३५००००११३ | बि.पि. कोइराला प्लानीटोरियम अभजर्भेटिभ | १८,१५२.०० | - | - | १८,१५२.०० | ५,४३२.०० | २,८७७.१२ | 52.97 |
| ३५००००१२३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २६,५००.०० | - | - | २६,५००.०० | ९,३९६.५० | १०,७५२.०० | 114.43 |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ४९३,९००.०० | - | - | ४९३,९००.०० | १६६,४००.०० | २७,९६५.०० | 16.81 |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १६,४००.०० | - | - | १६,४००.०० | १,५००.०० | - | - |
| ३५०००१०३३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | १,८२२,३००.०० | - | - | १,८२२,३००.०० | ५५४,४९३.०० | ३६७,९३५.०० | 66.36 |
| ३५०००१०४३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १५३,५००.०० | - | - | १५३,५००.०० | १३३,७४४.०० | १,७३०.०० | 1.29 |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ४,४८९,०००.०० | - | - | ४,४८९,०००.०० | १,१२७,५८१.०० | १८,१९७.०० | 1.61 |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ९५,९००.०० | - | - | ९५,९००.०० | ४६,६४५.०० | २७,२४४.०० | 58.41 |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ५४७,८००.०० | - | - | ५४७,८००.०० | १९९,५५८.०० | १०५,३४०.०० | 52.79 |
| ३५००२०११३ | पाठ्यक्रम बिकास केन्द्र | ५५,६००.०० | - | - | ५५,६००.०० | १७,८००.०० | १२,८७९.०० | 72.35 |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १७,३००.०० | - | - | १७,३००.०० | ६,२३९.०० | ५,२४६.०० | 84.08 |
| ३५००४०११३ | विद्यालय शिक्षक कितावखाना | २५,२००.०० | - | - | २५,२००.०० | ९,७४९.०० | ७,९१४.०० | 81.18 |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १९,१२४,२००.०० | - | - | १९,१२४,२००.०० | ११,०६९,१२५.०० | ४,६८७,६१२.०० | 42.35 |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १५,११४,४००.०० | - | - | १५,११४,४००.०० | ५,०२५,४१६.०० | ४,७८५,४१६.०० | 95.22 |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १७४,२००.०० | - | - | १७४,२००.०० | ५१,०९३.०० | ६६,१०३.०० | 129.38 |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ि्रय आयोग | १५,२००.०० | - | - | १५,२००.०० | ७,०४५.०० | १,५१५.०० | 21.50 |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ८५०,०००.०० | ११,७३२.०० | ११,७३२.०० | ८५०,०००.०० | ११,७३२.०० | ३,२५२.०० | 27.72 |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | २,३००,०००.०० | - | - | २,३००,०००.०० | ७८७,४५०.०० | ७८७,४५०.०० | 100.00 |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | २७१,१००.०० | - | - | २७१,१००.०० | ७७,७०१.०० | - | - |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | २,०२४,२००.०० | - | - | २,०२४,२००.०० | ६६७,५९०.०० | ३४५,८५८.०० | 51.81 |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २७८,६००.०० | - | - | २७८,६००.०० | ९४,२६१.०० | ३४,२८५.०० | 36.37 |
| | | ६४,६७८,०००.०० | ११,७३२.०० | ११,७३२.०० | ६४,६७८,०००.०० | २७,७२८,६६५.५० | ११,३८१,५१७.०० | 41.05 |

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

आर्थिक वर्ष २०७६।०७७

२०७६ कात्तिक मसान्त सम्मको कुल खर्च पुँजीगत तर्फ रकम रु हजारमा

| बजेट उपशीर्षक | | शुरु बजेट | रकमान्तर | | खुद बजेट | प्रथम चौमासिक विनियोजन | खर्च रकम | खर्च प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | | | |
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १३,१२५.०० | - | - | १३,१२५.०० | २,७८५.०० | - | - |
| ३५०००० ११४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाखा | १४,८७५.०० | - | - | १४,८७५.०० | १,५००.०० | ८३५.३८ | 55.69 |
| ३५०००० ११४ | बि.पि. कोइराला प्लानीटोरियम अभजर्भेटिभ | २०,६००.०० | - | - | २०,६००.०० | २,१००.०० | १,१५३.६२ | 54.93 |
| ३५०००० १२४ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ५०,४००.०० | - | - | ५०,४००.०० | ४९,९८०.०० | ३,२०४.०० | 6.41 |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १,७००.०० | - | - | १,७००.०० | ७५०.०० | १२६.०० | 16.80 |
| ३५०००१०३४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ७००.०० | - | - | ७००.०० | २००.०० | - | - |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १३,०००.०० | - | - | १३,०००.०० | ७,२३०.०० | ९३१.०० | 12.88 |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ५००.०० | - | - | ५००.०० | - | - | - |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ६२,१००.०० | - | - | ६२,१००.०० | ६२,१५१.०० | ९,८६५.०० | 15.87 |
| ३५००२०११४ | पाठ्यक्रम बिकास केन्द्र | २००.०० | - | - | २००.०० | १००.०० | - | - |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | ४००.०० | - | - | ४००.०० | २०.०० | - | - |
| ३५०२१०११४ | विश्वविद्यालय अनुदान आयोग | २२४,०००.०० | - | - | २२४,०००.०० | ५०,०००.०० | - | - |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | २,३००.०० | - | - | २,३००.०० | १,४५०.०० | २२८.०० | 15.72 |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | ५०,०००.०० | - | - | ५०,०००.०० | - | - | - |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १४९,८००.०० | - | - | १४९,८००.०० | ५०,९००.०० | - | - |
| | | ६०३,७००.०० | - | - | ६०३,७००.०० | २२९,१६६.०० | १६,३४३.०० | 7.13 |

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# आव २०७६/७७ को प्रथम चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक

**२०७६ मंसीर १८ गते बुधवार**


**सिंहदरबार**

# १. आ. व. २०७६/७७ शिक्षामा विनियोजित तहगत बजेट

(रू करोडमा)

| क्र. सं. | तह | कुल बजेट | तहगत बजेट (प्रतिशत) | चालु बजेट | पूँजिगत बजेट | नेपाल सरकार स्रोत | वैदेशिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | संघ | ६५,२८ | ३९.६४ | ६४,६७ | ६० | ५७,३२ | ७,९६ |
| २ | प्रदेश | ४,२५ | २.५९ | ४,२५ | ० | ४,१२ | १३ |
| ३ | स्थानीय | ९४,२९ | ५७.५५ | ९४,२९ | ० | ८४,६९ | ९,६० |
| जम्मा | | १६३,८२ | १०० | १६३,२२ | ६० | १४६,१३ | १७,६९ |

# २. विनियोजित बजेटको तहगत विवरण (प्रतिशतमा)



# ३. प्रथम चौमासिक प्रगतिको स्थिति (आ. व. २०७६/७७)

| विवरण | वार्षिक बजेट (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | वित्तीय प्रगति (प्रतिशतमा) | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| चालु | ६४,६७,८०,०० | ११,३८,१५,१७ | ४१.०५ | ५१ |
| पूजिँगत | ६०,३७,०० | १,६३,४३ | ७.१३ | २० |
| **कूल** | **६५,२८,१७,००** | **११,३९,७८,६०** | **१७.४६** | **३५** |

# ४. $P_1$ आयोजना/कार्यक्रम र बजेट उपशीर्षकहरू

| सिनं | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमहरु |
|---|---|---|
| **$P_1$ आयोजनाहरु** | | |
| १ | ३५०१४० | विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्र |
| २ | ३५०१३५ | व्यवसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना –दोस्रो |
| ३ | ३५०१३९ | उच्च शिक्षा सुधार परियोजना |
| **$P_1$ बजेट उपशिर्षकहरु** | | |
| १ | ३५००११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २ | ३५००१२ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३ | ३५००१३ | शिक्षा विकास तथा समन्वय इकाइ |
| ४ | ३५००२२ | विद्यालय शिक्षक किताबखाना |
| ५ | ३५००२६ | शिक्षक सेवा निवृत्त सुविधा |
| ६ | ३५०१४५ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ७ | ३५०१४६ | चिकित्सा शिक्षा आयोग |

# ५. $P_2$ मा परेका आयोजना/कार्यक्रम र बजेट उपशीर्षकहरू

| सिनं | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमहरु |
|---|---|---|
| **$P_2$ आयोजनाहरु** | | |
| १ | ३५०११८ | सवैका लागि शिक्षा शिशूविकास कार्यक्रम |
| २ | ३५०१३८ | पढाइ सीप प्रवर्द्धन कार्यक्रम |
| ३ | ३५०११३ | शिक्षाका लागि खाद्य कार्यक्रम |
| ४ | ३५०१०९ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् |
| **$P_2$ बजेट उपशिर्षकहरु** | | |
| १ | ३५००१८ | पाठ्यक्रम विकास केन्द्र |
| २ | ३५००१९ | विश्वविद्यालय अनुदान आयोग |
| ३ | ३५००२० | शिक्षक सेवा आयोग |
| ४ | ३५००२५ | पुस्तकालयहरु |
| ५ | ३५०१०८ | राष्टिय परीक्षा बोर्ड |
| ६ | ३५०११५ | युनेस्कोका निमित्त नेपाल राष्टिय आयोग |
| ७ | ३५०१४३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान |

# ६. समग्र आयोजनाहरू प्रगतिको स्थिति

८०% भन्दा बढी प्रगति भएका आयोजना – ६ वटा

५०% देखि ८०%  सम्म प्रगति भएका आयोजना – ७ वटा

५०% भन्दा कम प्रगति भएका आयोजना – ८ वटा

# ७. P1 आयोजना कार्यक्रमहरूको समग्र प्रगति स्थिति

- ८०% भन्दा बढी प्रगति भएका आयोजना – २ वटा
- ५०% देखि ८०%  सम्म प्रगति भएका आयोजना – ४ वटा
- ५०% भन्दा कम प्रगति भएका आयोजना – ४ वटा

# ८. $P_2$ आयोजना कार्यक्रमहरूको समग्र प्रगति स्थिति

- ८०% भन्दा बढी प्रगति भएका आयोजना – ४ वटा
- ५०% देखि ८०%  सम्म प्रगति भएका आयोजना – ३ वटा
- ५०% भन्दा कम प्रगति भएका आयोजना – ४ वटा

# ९. असी प्रतिशत भन्दा बढी प्रगति भएका P1 आयोजना

## ८०% भन्दा बढी प्रगति भएका P1 आयोजना

- विद्यालय शिक्षक किताबखाना
- शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## ८०% भन्दा बढी प्रगति भएका P2 आयोजना

- पाठ्यक्रम विकास केन्द्र
- विश्वविद्यालय अनुदान आयोग
- शिक्षक सेवा आयोग
- राष्टिय परीक्षा बोर्ड

# १०. असी प्रतिशत भन्दा कम प्रगति भएका P1 आयोजनाहरू

- व्यवसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना - दोस्रो
- उच्च शिक्षा सुधार परियोजना
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र
- शिक्षा विकास तथा समन्वय इकाइ
- विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र) (५०% भन्दा कम)
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (५०% भन्दा कम)
- शिक्षक सेवा निवृत्त सुविधा (५०% भन्दा कम)
- चिकित्सा शिक्षा आयोग (५०% भन्दा कम)

# ११. असी प्रतिशत भन्दा कम प्रगति भएका P2 आयोजनाहरू

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
- पुस्तकालयहरु
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (५०% भन्दा कम)
- सवैका लागि शिक्षा शिशु विकास कार्यक्रम (५०% भन्दा कम)
- पढाइ सीप प्रवर्द्धन कार्यक्रम (५०% भन्दा कम)
- शिक्षाका लागि खाद्य कार्यक्रम (५०% भन्दा कम)

# १२. कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको स्थिति

| सिनं | ब.उ.शी.नं. | कार्यक्रम / निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | ३५००११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३० | १.१७ | ३६ | ३१.०० |
| | ३५००११-१ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मन्त्रालयको मात्र) | २५ | १.००* | ३० | ० |
| | ३५००११-४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | ९१.१० | ९०.३४ | ० | ० |
| | ३५००११-५ | विपी कोइराला मेमोरियल प्लानेटोरियम तथा अव्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति | १००.०० | ७२.३५ | १००.०० | ९४.५२ |

* शिक्षकहरूको बढेको तभ प्रयोजनका लागि छुट्टाइएको रू १० मन्त्रालयको बजेट (१६. ७३ अर्ब) मा समाविष्ट भएको ।

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | कार्यक्रम / निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पूँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| २ | ३५००१२ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १०० | ५८.४१ | | |
| ४ | ३५००१३ | शिक्षा विकास तथा समन्वय इकाइ | १०० | ५२.७९ | १०० | १५.८७ |
| ५ | ३५००१८ | पाठ्यक्रम विकास केन्द्र | ८६.५९ | ७९.३६ | ० | ० |
| ६ | ३५००१९ | विश्वविद्यालय अनुदान आयोग | ८४ | ९१.५४ | ८४ | ६९.३३ |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | कार्यक्रम / निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| ७ | ३५००२० | शिक्षक सेवा आयोग | ८८.५७ | १४३.९७ | १५.४३ | ८.९७ |
| ८ | ३५००२२ | विद्यालय शिक्षक कितावखाना | ९१ | ८७.६८ | | |
| ९ | ३५००२५ | पुस्तकालयहरु | ६२.०० | ११४.४३ | ६०.०० | ६.४१ |
| | | नेपाल राष्ट्रिय पुस्तकालय | ७०.०० | ६७.०८ | २०.०० | ६.२७ |
| | | केशर पुस्तकालय | ६०.०० | ५४.४१ | ८०.०० | ७३.६१ |
| | | डा.डिल्लीरमण रेग्मी पुस्तकालय | ५६.०० | ९०.२३ | ७२.०० | ६७.३२ |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | कार्यक्रम / निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १० | ३५००२६ | शिक्षक सेवा निवृत्त सुविधा | ४५ | ४२.३५ | | |
| ११ | ३५०१०८ | राष्टिय परीक्षा बोर्ड | १०० | ९५ .९८ | | |
| १२ | ३५०१०९ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | ७२.६ | ५१.८१ | | |
| १३ | ३५०११३ | शिक्षाका लागि खाद्य कार्यक्रम | ३२ | १६.८१ | १५ | ० |
| १४ | ३५०११५ | युनेस्कोका निमित्त नेपाल राष्टीय आयोग | ७५ | ६४. ४६ | | |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १५ | ३५०११८ | **सवैका लागि शिक्षा शिशु विकास कार्यक्रम** | ० | ० | | |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ० | ० | | |
| | | पाठ्यक्रम विकास केन्द्र | ० | ० | | |
| | | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ० | ० | | |
| १६ | ३५०१३५ | व्यवसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना -दोस्रो | ८३.३८ | ७२.०५ | १००.०० | १६३.५० |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १७ | ३५०१३८ | पढाइ सीप प्रवर्द्धन कार्यक्रम | ८ | १.२९ | | |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १०.०० | २.४८ | | |
| | | पाठ्यक्रम विकास केन्द्र | ७०.३७ | ४.६४ | | |
| | | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३२.७८ | २४.९२ | | |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १९ | ३५०१३९ | उच्च शिक्षा सुधार परियोजना | ८२ . ०० | ५४.९९ | | |
| २० | ३५०१४० | विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्र | १२ | १.६१ | १५ | १२.८८ |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १० | १ | ० | ० |
| | | पाठ्यक्रम विकास केन्द्र | ८१.९८ | ३०.३९ | ८१.९८ | ९३.१४ |
| | | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २५ | १३.६५ | १९.६७ | १९.२३ |

# कार्यक्रम / निकायगत प्रथम चौमासिक प्रगतिको ...

| सिनं | ब.उ.शी.नं. | निकायको नाम | प्रगति (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | | पुँजीगत | |
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| २१ | ३५०१४३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ७० .०० | ३६. २९ | ६० .०० | ०.०० |
| २२ | ३५०१४५ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ८२.०० | ८४.०८ | | |
| २३ | ३५०१४६ | चिकित्सा शिक्षा आयोग | १६.०० | २७.७२ | | |

# १३. चालु आ.व. को बेरुजु फछ्र्यौट स्थिति

रू. करोडमा

| विवरण | जम्मा बेरुजु | यस आ. व. को फछ्र्यौट लक्ष्य | प्रथम चौमासिकको फछ्र्यौट प्रगति | प्रगति % (जम्मा बेरुजुमा) | प्रगति % (यस आ. व. को लक्ष्यमा) |
|---|---|---|---|---|---|
| विनियोजन तर्फ | २१,८५.७३ | | ७८.७० | ३.६० | ७.२० |
| समिति तर्फ | ५,९५.५५ | | ०.८९ | ०.१५ | ०.३० |
| **जम्मा** | २७,८१.२८ | १३,९०.६४ | ७९.५९ | २.८६ | ५.७३ |

# १४. यस आ. व. को प्रथम चौमासिकका मुख्य उपलब्धिहरु

## (क) नीति नियम तथा कानुन निर्माण

- राष्ट्रिय शिक्षा नीति २०७६ स्वीकृत।
- दीगो विकासको लक्ष्य नम्बर ४ (SDG 4) कार्यान्वयन राष्ट्रिय कार्य ढाँचा (National Framework ) तयार।
- सार्वजनिक विद्यालय सवलीकरण दशक घोषणा (२०७६ - ८५) भए पश्चात सार्वजनिक विद्यालय सवलीकरणका लागि नीति कार्यक्रम तर्जुमा, राष्ट्रिय र प्रादेशिक स्तर र जनस्तरमा पुर्याउने कार्य ।
- शिक्षक सेवा आयोग नियमावली, २०५७ को दशौं संशोधन।
- राष्ट्रिय योग्यता प्रारुप (National Qualification Framework) तयार भई स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई नि:शुल्क स्यानिटरी प्याड उपलब्ध गराउन कार्यविधि मन्त्रिपरिषदमा पेश भई समितिमा छलफल भएको ।
- राष्ट्रिय पुस्तक नीति, २०७६ तयार गरी स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रीपरिषद्) मा पेश।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

**(ख) पूर्वाधार निर्माण**

- भूकम्पबाट क्षति भएका ५३८४ विद्यालय पुन: निर्माण सम्पन्न, १५७७ विद्यालय निर्माणाधिन रहेको।
- १००० विद्यालयमा ICT Lab स्थापनाका लागि वित्तीय हस्तान्तरण भएको।
- नेपाल राष्ट्रिय पुस्तकालयको लागि जग्गा व्यवस्थापन गरी विस्तृत परियोजना प्रतिवेदन तयार ।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

## (ग) शिक्षक व्यवस्थापन

- ११५३० निम्न माध्यमिक र प्राथमिक तह शिक्षकहरूको स्थायी नियुक्तिका लागि सिफारिस (निमा १५७४ र प्रा ९९५६)।
- अस्थायी शिक्षक करार सूची प्रकाशन (मावि तथा निमावि तह शिक्षकको)
- शिक्षक अध्यापन अनुमति पत्रको अनलाइन आवेदनको व्यवस्था र लिखित परीक्षा सम्पन्न।
- सबै तहका शिक्षक बढुवाको कार्य सम्पन्न।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

## (घ) पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामग्री सम्बन्धी

- कक्षा १-३ को एकिकृत पाठ्यक्रम परिक्षणको क्रममा
- कक्षा १० का ८ विषय का पाठ्यपुस्तकका पिआरसी तयार । (वातावरण विज्ञान, कम्प्युटर विज्ञान, शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक, भुगोल, इतिहास र नागरिकशास्त्र) ।
- प्राविधिक शिक्षातर्फ योग, आयुर्वेद, प्राकृतिक चिकित्सा र जडिबुटी विषयको पाठ्यक्रम निर्माण ।
- प्राविधिक तथा व्यावसायिक धार (कक्षा ९ – १२) Goat farming, poultry farming, animal nutrition, geo technical engineering, computer hardware and architecture, electrical installation, industrial building विषयमा आवश्यकता पहिचान, विषयवस्तुको छनौट र सिकाइ स्रोत सामग्रीको मस्यौदा विकास ।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

## (ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी

- हालसम्म ६०१ वटा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम अवसरको उपलव्धता
- सञ्चालनमा रहेका २२ वटा आंगिक शिक्षालयहरुमा डिप्लोमा तहका विभिन्न कार्यक्रम थप ।
- अपाङ्गता भएका व्यक्ति, दलित, मुसलमान र विपन्न सीमान्तकृत समुदाय लगायतका छात्रछात्रालाई प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले १२४४ जनालाई आवासीय सुविधा सहितको विशेष छात्रवृत्ति निरन्तरता दिँदै थप ५०२१ जनालाई जेहेन्दार तथा वर्गीकृत छात्रवृत्ति उपलब्ध गराइएको ।
- औपचारिक तथा अनौपचारिक रुपमा सीप सिकेका ४९०६७ जनाको सीप प्रमाणीकरण ।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

**(च) <u>उच्च तथा चिकित्सा शिक्षा</u>**

- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको संघीय संसदको सामाजिक समितिमा छलफलको क्रममा रहेको।
- विदुषि योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न मन्त्रिपरिषद् बाट निर्णय भएको।
- ३३ वटा शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको।
- खुल्ला विश्व विद्यालयमार्फत सूचना र सञ्चार प्रविधि (ICT) लगायत १८ वटा विषयहरूमा अध्ययन अध्यापन शुरूवात भएको।
- बर्दिबास र बुटवलमा मेडिकल कलेजको गुरुयोजना तर्जुमा भएको र सुर्खेत मेडिकल कलेजको पूर्वाधार विकास कार्य प्रारम्भिक अवस्थामा रहेको।
- विश्वविद्यालय लगायत सम्पूर्ण उच्च शैक्षिक संस्थाहरूको नक्साङ्कनको कार्य अन्तिम चरणमा पुगेको।
- स्वास्थ्य शिक्षातर्फ ७५ प्रतिशत छात्रवृत्तिको व्यवस्था भएको।

# आ. व. २०७६/७७, प्रथम चौमासिकका मुख्य ...

**(छ) विज्ञान तथा प्रविधि सम्बन्धी**

- राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ स्वीकृत भई जारी
- पारमाणविक तथा रेडियोधर्मी पदार्थको शान्तिपूर्ण प्रयोग सम्बन्धी विधेयक संघीय संसदको शिक्षा तथा स्वास्थ्य समितिमा छलफलको क्रममा।
- पारमाणविक विज्ञान तथा प्रविधि सम्बन्धी अनुसन्धान, विकास र तालिमका लागि क्षेत्रीय सहयोग सम्झौता, २०१७ (RCA-2017) संघीय संसदबाट अनुमोदन।
- २०७६ कार्तिक ४-६ सम्म अन्तर्राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन सम्पन्न
- कार्तिक २७ गते बुटबलमा Science Exhibition/Expo तथा STEAM Challenge आयोजना।

# १५. आयोजना / कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू

- विद्यालय शिक्षाको कार्यक्रम कार्यान्वयन स्थानीय तहमार्फत सम्पादन गर्नुपर्ने हुँदा स्थानीय तहमा जनशक्तिको अभाव ।
- कार्य सञ्चालनमा दोहोरोपना, जिम्मेवारिको स्पष्टता हुन नसक्नु (विशेषगरी शिक्षकको व्यवस्थापन, कार्यसम्पादन मुल्याङ्कन, शिक्षक तालिम आदि) ।
- प्राविधिक विषय पढाउने प्रशिक्षक, शिक्षकको अभाव ।
- चौमासिक प्रगतिका आधारमा मात्र अर्को चौमासिक फुकुवाको पद्दति  विकास गर्न नसकिएको ।
- प्रदेश तथा स्थानीय तहबाट नियमित रिपोर्टिङ गर्ने प्रणालीको व्यवस्थापन ।

# आयोजना / कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या...

- दातृसंस्थासँग स्रोतको कमिको कारणले समयमै पूर्ण रुपमा खाद्यान्न उपलब्ध हुन नसकेको
- पढाइ सीप प्रवर्द्धन कार्यक्रमको जिल्लाबाट हुने कार्यक्रम प्रविष्टि नभएको र  समयमै फुकुवा नभएको।
- डिल्लीरमण  कल्याणी रेग्मी पुस्तकालयको भवन जिर्ण भएको।
- प्रदेश संरचना कस्तो हुने अझै स्पष्ट हुन सकेको छैन, तसर्थ शिक्षकको व्यवस्थापन कुन तवरबाट कसरी गर्ने जटिलता उत्पन्न भएको
- परिवर्तित सन्दर्भमा कक्षाकोठाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर बढाउन शैक्षिक सुपरिवेक्षण हुन नसकेको।

# १६. समस्या समाधानका लागि  गर्नु पर्ने पहलहरू

- विद्यालय शिक्षाको कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख निकाय स्थानीय तहमा पर्याप्त र दक्ष जनशक्तिको व्यवस्था गर्ने ।
- तीन तहका सरकार र मातहतका निकायहरूको जिम्मेवारी  उत्तरदायीत्व स्पष्ट परिभाषित गर्ने ।
- रिपोर्टिङ् प्रणालीको स्पष्ट रूपमा विकास गर्ने (तीनवटै तहको एकीकृत सूचना प्रणाली हुने गरी) ।
- छोटो र छरितो बाटो अपनाई समयमै कार्यान्वयन तहमा बजेट र कार्यक्रम पठाउने ।
- शिक्षकलाई प्राविधिक तथा शैक्षणिक (Instructional) सहयोग तथा सुपरिवेक्षण संरचना विकास गर्ने ।
- प्राविधिक विषयका शिक्षक / प्रशिक्षकको पूर्ति गर्ने र टिकाउने गरी उत्प्रेरणा सहितको व्यवस्थापन गर्ने ।
- विद्यालयमा पर्याप्त भौतिक पूर्वाधारहरूको निर्माण र जीर्ण पूर्वाधारहरूको पुनर्निर्माण गर्ने ।

# १७. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) मा निर्णय भएका विषयहरु

- यस मन्त्रालय र सम्बद्ध निकायहरुलाई प्राप्त भएका वार्षिक कार्यक्रमहरु तोकिएको समयमै तदारुकताका साथ सम्पन्न गर्ने ।
- निकायगत प्रगति पठाउदा राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा र मन्त्रालयले माग गरेको थप विवरण समेत उल्लेख गरी चालु र पूँजीगतको वित्तीय तथा भौतिक प्रगति स्पष्ट हुने गरी चौमासिक अवधि समाप्त भएको सात दिनभित्र विद्दुतीय तथा प्रमाणित प्रति अनिवार्य रुपमा पठाउने ।
- माइलस्टोन कार्यान्वयनको लागि शाखा प्रमुख तहसम्म जिम्मेवारी तोकी कार्यान्वयन र प्रतिवेदन गर्ने
- आर्थिक वर्ष २०७६/७७ को निति कार्यक्रम र बजेटको माइलस्टोनको प्रगति प्रत्येक महिनाको मसान्त भित्र पठाउने ।
- पूँजीगत खर्च बढाउने सन्दर्भमा विभाग स्तरले ७ दिन भित्र कार्ययोजना बनाई मन्त्रालयमा पेश गर्ने ।
- यस आ. व. को लक्ष्य अनुरुप बेरुजु फछ्यौंटको प्रगति हासिल गर्ने कार्ययोजना ७ दिन भित्र मन्त्रालयको आ. प्र. शाखाले तयार गरी पेश गर्ने
- विज्ञान प्रविधि र नवप्रवर्तन नीतिले परिकल्पना गरेको कोष स्थापनाका लागि अर्थ मन्त्रालयको कम्तिमा सह-सचिवस्तरको प्रतिनिधि सहितको कार्यदल गठन गरी दुई महिना भित्र कोष सञ्चालन कार्यविधि तयार गरी कोष स्थापनाको प्रक्रिया अघि बढाउने ।

# १८. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ४४ औं बैठकको निर्णयहरुको प्रगतिको अवस्था (शिक्षा)

| निर्णयहरु | प्रगति |
|---|---|
| योजना, बजेट र खर्च सम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदान नहुदाँ कार्यक्रम तथा आयोजनाहरुको यथार्त स्थिति विवरण प्राप्त हुन नसकेकोले योजना र बजेट सम्बन्धी विषयमा अन्तर प्रदेश परिषदबाट निर्णय भएका विषयहरुको सम्बन्धित सबै निकायहरुले संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गर्ने | सङ्घियता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने क्रममा साविक गृह मन्त्रालय अन्तरगत रहेका शिक्षा विकास तथा समन्वय इकाइलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत स्थापना गरी इकाइहरुबाट तोके बमोजिमका कार्यहरु सम्पादन भइरहेको । |
| राष्ट्रिय नीति तथा कार्यक्रमले लिएको लक्ष्यहरु प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबाट कार्य भइरहेको तर ती कार्यको प्रगति स्थितिको विवरण एकीकृत रुपमा आउने संयन्त्र नभएकोले कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संघीय मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको समन्वयमा २०७५ चैत्र मसान्तभित्र कार्यक्रमहरुको अद्यावधिक स्थिति विवरण लिने प्रणालीको विकास गर्ने । | योजना, बजेट कार्यक्रम योजना, बजेट र खर्चका सम्बन्धमा प्रदेश र स्थानीय तहहरुलाई अभिमुखीकरण गरी कायर्क्रम कार्यान्वयन निर्देशिका वेव साइटमा राखिएको । |

## राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ४५ र ४६ औं बैठकको निर्णयहरुको प्रगतिको अवस्था:

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित निर्णयहरू नभएको ।

# १९. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) मा लैजानु पर्ने विषयहरु

- विद्यालय भवन निर्माण, फरकफारक बेरुजु फछ्यौंटसँग सम्बन्धित विषयमा अन्तरसरकार बीच कार्यमूलक समन्वय तथा समग्र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा रिपोर्टिङ गर्ने उपयुक्त संयन्त्र र विधि तय गर्नुपर्ने ।
- शिक्षकको क्षमता विकासको लागि प्रदेश सरकारले शिक्षक तालिम केन्द्रहरूको पुनर्संरचना र भूमिका पुनरावलोकन गरी गुणस्तरीय शिक्षक व्यवस्थापन गर्नुपर्ने ।
- बजारको माग अनुरुप प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तर्फका विद्यालय शिक्षा तथा उच्च शिक्षाका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार, जनशक्ति तथा स्रोत साधनको उचित व्यवस्थापनका लागि अन्तर सरकार समन्वय र सहजीकरणको संयन्त्र विकास गरिनु पर्ने ।
- हाल संघ अन्तर्गत रहेका शिक्षा विकास तथा समन्वय इकाइहरूलाई प्रदेशका प्रस्तावित शिक्षा इकाइसंग सहकार्य गर्ने गरी भौतिक संचरना, जनशक्ति र प्रदेशको स्रोत साधन समेतको उपयोग गर्न सक्ने गरी व्यवस्थापन गर्ने ।

# धन्यवाद